# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५८) काठमाडौं, चैत्र ३१ गते २०६५ साल (संख्या ५२


## भाग ५

### नेपाल सरकार
### अर्थ मन्त्रालयको
### सूचना १

नेपाल सरकारले आर्थिक ऐन, २०६५ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी कार्नेट नेपाल नामक गैर सरकारी संस्थाको लागि **Samaritan's Purse, USA** बाट ५७ वटा संस्थाका बालबालिकाहरूको लागि उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर ९,६००.०० (नौ हजार छ सय) मूल्य बराबरको **Christmas Child Gift Boxes** आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना २

नेपाल सरकारले आर्थिक ऐन, २०६५ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी गेटा आँखा अस्पताल, धनगढीको लागि **Infil Foundation, Norway** बाट उपहार स्वरुप प्रदान गरिने जापानी येन ३५,२२,६९५.०० (पैंतीस लाख बाईस हजार छ सय पन्चानब्बे), स्टर्लिङ्ग पाउण्ड ६,९४९.०० (छ हजार नौ सय उनान्चास) र यूरो ८,५८३.३३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(आठ हजार पाँच सय त्रियासी, सेन्ट तेत्तीस) मूल्य बराबरको आँखाका उपकरणहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिबृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ३

नेपाल सरकारले आर्थिक ऐन, २०६५ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी नेपाल क्षयरोग निवारण संस्था नामको गैर सरकारी संस्थाद्वारा सञ्चालित जर्मन नेपाल टि.बि. परियोजना (चेष्ट अस्पताल) बहिरङ्ग विभागमा आउने क्षयरोगीहरूको लागि **Kuratorium Tuberkulose in der welt e.v., Germany** बाट उपहार स्वरुप प्रदान गरिने यूरो ४,१४२.५१ (चार हजार एक सय बयालीस, सेन्ट एकाउन्न) मूल्य बराबरको ल्याब सामाग्रीहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिबृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ४

नेपाल सरकारले आर्थिक ऐन, २०६५ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी बी. पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर, चितवनले इन्डोस्कोपी यूनिटको लागि **Pentax Medical Singapore Pte. Ltd.** बाट L/C प्रक्रियाद्वारा देहाय बमोजिमका Scope हरू खरीद गर्ने भएकोले उक्त सामानहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिबृद्धि कर पूरै छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

| सि.नं. | सामानको विवरण | मूल्य |
|---|---|---|
| १. | Video Bronchoscope 1 set | JPY 13,95,000.00 |
| २. | Video Upper GI Endoscope 1 set | JPY 11,94,815.00 |
| | Total | JPY 25,89,815.00 |

## सूचना ५

नेपाज सरकारले आर्थिक ऐन, २०६५ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी पाटन अस्पताल, लगनखेलको लागि Friends of



१३८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

Patan Hospital, USA बाट अनुदान स्वरुप प्रदान गरिने देहाय बमोजिनका सामानहरू आयात गर्दा एक प्रतिशत भन्सार महशुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिको छः–

| सि.नं. | सामानको विवरण | मूल्य |
|---|---|---|
| १. | Laboratory Supp. & Equipment | US$ 22070.00 |
| २. | Medical Goods | US$ 67600.00 |
| ३. | Medical Goods | Euro 2000.00 |
| ४. | Hydroulic Torlley & Hospital Beds | US$ 11288.00 |
| ५. | Washing Machine, Hydro Extractor and Drying Tumbler | US$ 30333.00 |
| ६, | Medical Instruments | US$ 6460.00 |

## सूचना ६

नेपाल सरकारले आर्थिक ऐन, २०६५ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी नव जागृति समाज नेपाल, काठमाडौं नामको गैर-सरकारी संस्थाको लागि Hebron Free Presbyterian Church, UK बाट नेपालमा रहेका अनाथ बालबालिकाहरूलाई निःशुल्क वितरण गर्न उपहार स्वरुप प्रदान गरिने यूरो ६,६००.०० (छ हजार छ सय) मूल्य बराबरको स्टेशनरी एवं लत्ता कपडाहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,<br>
भेषराज शर्मा<br>
सह-सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।-
गो.हु.द.नं. १६।०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।